# Lord Mayor of Sydney
CLOVER MOORE

Sydney Town Hall

GPO Box 1591
Sydney NSW 2001 Australia
Phone 02 9265 9229 Fax 02 9265 9328
Email cmoore@cityofsydney.nsw.gov.au

CITY OF SYDNEY

**यहाँ बसोबास र काम गर्ने मानिसहरूका तर्फबाट, तपाईंलाई संसारको सबैभन्दा रोमाञ्चक र विविध शहरहरू मध्येमा पर्ने सिड्नीमा स्वागत गर्न पाउँदा मलाई खुशी लागेको छ ।**

हाम्रो समुदायमा १८० भन्दा बढी राष्ट्रका मानिसहरू समावेश छन्। संस्कृति, इतिहास, अनुभव र कथाहरूका यो मिश्रणले हाम्रो शहरलाई बस्न, भ्रमण गर्न, काम गर्न र अध्ययन गर्नका लागी एउटा उत्कृष्ट स्थान बनाउँदछ।

अद्वितीय जीवनशैलीका साथ, सिड्नी अष्ट्रेलियाको सबैभन्दा रोमाञ्चक शिक्षा गन्तव्य हो। हामीसँग विदेशी विद्यार्थीहरूलाई उत्कृष्ट शैक्षिक अवसरहरू प्रदान गर्ने प्रमुख अनुसन्धान सुविधाहरू र प्रशिक्षकहरू छन्।

सिड्नीले क्याफेहरू, पसलहरू, बारहरू र रेस्टुरेन्टहरूमा अनुभवहरूका साथ साथै अष्ट्रेलियामा कहिँ पनि फेला पर्ने सबैभन्दा राम्रो र सबैभन्दा प्रेरणादायक कला, संस्कृति र प्राकृतिक वातावरणका साथ एउटा अनौठो जीवनशैली प्रदान गर्दछ।

सिड्नी एउटा यस्तो शहर हो जुन अवसर र सम्भावनाको साथ जीवित छ। तपाईंले यहाँ अध्ययन गर्दा, तपाईंले हाम्रो शानदार नयाँ वर्षको पूर्वसन्ध्या (New Year's Eve) र एशिया बाहिर आयोजित हुने सबैभन्दा ठूलो चन्द्र नयाँ वर्ष (Lunar New Year) कार्यक्रमहरू सहित खेलकुद र सांस्कृतिक कार्यक्रमहरूको आनन्द लिन सक्षम हुनुहुनेछ।

म तपाईंलाई तपाईंको स्थानीय समुदायमा संलग्न हुन र यहाँको अनुभवलाई समृद्ध बनाउन र स्थानीय संस्कृति र मानिसहरूका बारेमा थप सिक्न स्वयंसेवा अवसरहरूमा भाग लिन प्रोत्साहित गर्दछु।

यो गतिशील, पहुँचयोग्य र सुरक्षित शहर तपाईंलाई घुमघाम गराउन पर्खिरहेको छ - हाम्रो उत्कृष्ट शहरमा स्वागत छ।

सिड्नीका लर्ड मेयर
क्लोभर मूर (Clover Moore)

city of villages